नेपाल वायुसेवा

## प्रेस विज्ञप्ति

मिति : २०८२।०६।०७

नेपाल वायुसेवा निगमको Y12E (9N-AKU) विमान नेपालगञ्ज विमानस्थलमा अवतरणका क्रममा भएको दुर्घटनाको कारवाहीका सम्बन्धमा नेपाल नागरिक उड्डयन प्राधिकरणको प.सं. FSSD/970/076-77, मिति २०७७।०२।२१ को पत्रमार्फत् निगमका पूर्व क्याप्टेन श्री कुल बहादुर लिम्बुलाई नेपाल नागरिक उड्डयन प्राधिकरण, नागरिक उड्डयन नियमावली, २०५८ को नियम ८० तथा CAAN Enforcement Policy and Procedure Manual को 12.5.4 बमोजिम प्राधिकरणबाट जारी गरिएको निजको इजाजतपत्र ATPL (A-061) निलम्बन गरी उडानमा रोक लगाइएको थियो । निज क्या. श्री कुल बहादुर लिम्बुको इजाजतपत्र निलम्बन गरिएको कारण निजको सेवा निगमले लिन नसक्ने अवस्था सृजना भएको र निगम र निजबीच भएको करार सम्झौता अनुसार तत्कालीन व्यवस्थापन (कार्यकारी अध्यक्ष श्री सुशिल घिमिरेज्यू हुँदा) बाट निजको करार सेवा मिति २०७७।०३।०१ देखि लागु हुने गरी भंग गरिएकोमा निज क्या. श्री कुल बहादुर लिम्बुले सम्मानित सर्वोच्च अदालतमा मुद्दा दायर गरेकोमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७७।०८।२२ मा निजसँग निगमले करार सम्झौता भंग गरेको विषयलाई कानुनसम्मत नै रहेको भनी फैसला भएको थियो ।

निजले निगमको सेवाबाट हटाइएको मितिबाट शुरुमा गरिएको करार कायम भएको अन्तिम मितिसम्मको सेवा सुविधा पाउन निगममा निवेदन दिएकोमा सम्मानित सर्वोच्च अदालतको फैसला बमोजिम निजलाई निगमको सेवाबाट हटाइएको मिति २०७७।०३।०१ मा करार भंग भएको शुरुको करारको अन्तिम मितिसम्मको काम नगरेको सात महिनाको अवधिको तलब प्रति महिना आयकर सहित दश लाख छयानब्बे हजार आठ सय पचहत्तर रुपयाँका दरले दिने कुनै कानुनी आधार नभएको कुरा तत्कालीन व्यवस्थापनबाट निर्णय भए अनुसार मिति २०७८।०८।२३ को पत्रमार्फत् निजलाई जानकारी समेत गराइ सकिएको थियो ।

निगमको महाप्रबन्धक जस्तो जिम्मेवारीपूर्ण पदमा विगतमा आसीन भएका व्यक्तिद्वारा पूर्व उच्च पदस्थ पदाधिकारीहरुले कायम गर्नुपर्ने पदीय मर्यादा, गरिमा तथा आचरण सम्बन्धी प्राबधानहरु विपरित हुने गरि आफु पदासीन रहँदा निगमभित्र भए गरेका कार्यहरुको अपनत्व ग्रहण गर्नुको सट्टा श्री सम्मानित सर्वोच्च अदालतद्वारा कानून विपरित ठहर भएको रकम रु ८० लाख प्राप्त नभएको यथार्थलाई विषयान्तरण गर्दै निगम बिरुद्ध वस्तुगत, आधारबिहिन, तथ्यहिन विषयहरु राखी निगमको साख र गरिमामा आँच आउने प्रकृतिका झुटा समाचार तथा सूचनाहरु विभिन्न संचार माध्यमहरुद्वारा पटक-पटक आम जनमानसमा प्रवाह गरिएको प्रति खेद प्रकट गर्दछ ।

कानून बमोजिम दिन नमिल्ने रकम निजले माग गरेअनुसार निजलाई उपलब्ध नभएको सन्दर्भमा निजले निगम तथा निगम व्यवस्थापनलाई समेत जोडी फेसबुक लगायतका सामाजिक सञ्जालमा निगमको पत्र एवं कागजातहरु अनधिकृत तवरले पोष्ट गर्दै आएको पाइएको र यस्ता कार्यले निगम तथा निगम व्यवस्थापनको मानमर्दन हुन गई निगमको प्रतिष्ठामा समेत आँच आउने कार्य गरेको ठहरिन गएको देखिन्छ । साथै, वहाँ निगमको पूर्व कर्मचारी एवम् महाप्रबन्धक समेत भएकोले निगमसँग सम्बन्धित कपोलकल्पित, गैरकानुनी एवं भ्रामक सूचनाहरु अनधिकृत तवरले सार्वजनिक नगर्न समेत यसै प्रेस विज्ञप्ति मार्फत् अनुरोध गरिन्छ । सम्मानित सर्वोच्च अदालतको आदेशविपरित र तत्कालीन व्यवस्थापनले गरेको निर्णय विपरित वर्तमान व्यवस्थापनले अनधिकृत सुबिधा दिन नसकेको वास्तविकतालाई नजरअन्दाज गरि आवेशमा आएर आफूले लामो सयम काम गर्दा भए गरेका त्रुटिहरुलाई समेत आत्मसमिक्षा गर्दै आफ्नो पदीय मर्यादालाई समेत ख्यालमा राखी अनर्गल प्रचार प्रसार नगर्न समेत अनुरोध गर्दै यस्ता कार्यहरु नरोकिएको खण्डमा निगम कानुनी उपचारमा जान बाध्य हुने समेत जानकारी गराइन्छ ।

नेपाल वायुसेवा निगम, कान्तिपथ, काठमाडौं

सुवास डंगी
(प्रवक्ता)

नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१, काठमाडौं, नेपाल, फोनः ४२२०७५७ फ्याक्स : ०१-४२२५३४८
Email: general@nac.com.np, info@nac.com.np, Web: www.nepalairlines.com.np